**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
DOI: https://doi.org/10.3126/sudurpaschim.v2i2.80506
Pubished by Faculty of Humanities and Social Sciences
Far Western University, Mahendranagar, Nepal

# पोथी बास्नु हुँदैन कवितामा नारीवादी चेतना

परमानन्द जोशी (उपप्राध्यापक)

सुदूरपश्चिम विश्वविद्यालय ,गोकुलेश्वर बहुमुखी क्याम्पस

Email: pmjoshi912@gmail.com

**लेखसार**

कुन्ता शर्मा (वि.सं. २००३)ले समकालीन नेपाली कविताका क्षेत्रमा योगदान गरेको पाइन्छ । उनको 'म उभिएको ठाउँ' (२०५२) कविता सङ्ग्रहमा सङ्गृहीत 'पोथी बास्नु हुँदैन' (२०४२) कविता गद्य ढाँचामा संरचित छ । यस कवितामा नारीमाथि गरिने विभेदपूर्ण व्यवहार र पक्षपातपूर्ण सामाजिक दृष्टिकोणप्रति व्यङ्ग्य गर्दै नारीवादी स्वर प्रकट गरिएको छ । नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बनाउन र नारी अधिकार एवं अस्तित्व प्राप्ति तथा समान अधिकारका निमित्त उत्प्रेरित गराउने सिद्धान्त नै नारीवाद हो र उल्लिखित कवितालाई यहाँ पाश्चात्य नारीवादी समालोचना सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ । कवितामा पितृसत्तात्मक नेपाली समाजमा नारीप्रतिको दृष्टिकोण र व्यवहार पक्षपातपूर्ण छ भन्दै विभेदकारी पुरुष दृष्टिकोण र प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । नारीहरूमा जागरण तथा सचेतताको आवश्यकतातर्फ सङ्केत गरिएको, नारीहरूले पुरुषलाई मालिक मान्ने दास मनोवृत्ति त्याग्नुपर्ने र यन्त्रवत काममा मात्र खटेर मुक्ति प्राप्त नहुने, नारीमुक्तिका लागि सङ्घर्ष गर्न ठुलो आँट, बलियो एकता, साहस र विवेक प्रयोग गर्न सक्नु पर्ने नारीवादी स्वर प्रकट गरिएको पोथी बास्नु हुँदैन (२०४२) कवितामा नारीवादी चेतनाको प्रतीकात्मक अभिव्यक्ति गरिएको छ । नारीपुरुषका बिचको विभेदलाई हटाएर समतामूलक स्वच्छ समाजको स्थापनाका लागि प्रस्तुत कविता प्रेरक र उपयोगी हुने देखिन्छ ।

***मुख्य शब्दावली:*** पितृसत्ता, उत्तरआधुनिकता, प्रभुत्वशाली, अधीनस्थ, आधिपत्य, लक्ष्मण रेखा ।

## विषय परिचय

कुन्ता शर्मा (वि.सं. २००३, धरान) समसामयिक नेपाली कविताको क्षेत्रमा सुपरिचित नाम हो । उनको लेखन कविताका अतिरिक्त निबन्ध, कथा आदि विधामा पनि अघि बढेको पाइन्छ । उनका 'म उभिएको ठाउँ' (२०५२) र 'मेरो मान्छे' (२०७४)

गरी जम्मा दुई वटा कविता सङ्ग्रह प्रकाशित छन् । २०४२ सालमा प्रकाशित 'पोथी बास्नु हुँदैन' कविता उनको 'म उभिएको ठाउँ' (२०५२) कविता सङ्ग्रहमा सङ्गृहीत पच्चिस वटा कविताहरूमध्येको एक प्रसिद्ध रचना हो । प्रस्तुत कवितामा पितृसत्तात्मक पुरुषप्रधान समाजमा नारीमाथि हुने गरेका भेदभाव, शोषण, थिचोमिचो र पुरुषवादी सामाजिक मूल्यमाथि कडा व्यङ्ग्य प्रहार गर्दै नारीवादी चेतनाको सशक्त अभिव्यक्ति गरिएको छ ।

'पोथी बास्नु हुँदैन' गद्य शैलीमा लेखिएको कविता हो । यस कविताको बाह्य संरचनाअन्तर्गत ६ वटा पङ्क्तिपुञ्ज, लामाछोटा ७४ वटा हरफ र कूल २५९ वटा पदयुक्त गद्यात्मक संरचना रहेको छ । रचनाकारले व्यक्तिगत तथा सामाजिक जीवनभोगाइका क्रममा देखेभोगेका यथार्थ अनुभूतिहरूको अभिव्यक्ति प्रस्तुत कविताको आन्तरिक संरचना बनेको छ । पुरुषबाट नारीमाथि हुने गरेका विभेदपूर्ण व्यवहार र पक्षपातपूर्ण सामाजिक दृष्टिकोणहरूप्रति व्यङ्ग्य गर्दै प्रस्तुत कवितामा नारीवादी चेतनाको स्वर प्रकट गरिएको छ । पाश्चात्य साहित्यबाट नेपाली साहित्यमा भित्रिएको नारीवादी सिद्धान्त वा नारीवादी चेतनाको अभिव्यञ्जनाका दृष्टिले प्रस्तुत कविता निकै सार्थक एवम् विवेच्य रहेको देखिन्छ । पूर्वकार्यको अध्ययन गर्दा यस कवितालाई उल्लिखित नारीवादी चेतनाको साहित्यिक अभिव्यक्तिका कोणबाट कसैले पनि अध्ययन–विश्लेषण गरेको पाइएन । त्यसैले यो अध्ययन नितान्त मौलिक, अर्थपूर्ण र समुचित हुने विश्वास गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनलाई पुस्तकालय कार्यको आधारमा सम्पन्न गरिएको छ । यस अध्ययनका लागि 'प्रज्ञा आधुनिक नेपाली कविता'(२०७४) मा प्रकाशित कुन्ता शर्माको पोथी बास्नु हुँदैन (२०४२) कवितालाई प्राथमिक स्रोतको अध्ययन सामग्रीका रूपमा लिइएको छ । त्यसैगरी यस अध्ययनसँग सम्बन्धित विभिन्न विद्वान्हरूले लेखेका पुस्तक र पत्रपत्रिकाजस्ता पठनीय सामग्रीहरूलाई द्वितीय स्रोतका सामग्रीको रूपमा उपयोग गरिएको छ । खासगरी पाश्चात्य साहित्यशास्त्रको नारीवादी सिद्धान्तसम्बन्धी सैद्धान्तिक मान्यताहरूको अध्ययनका लागि यस विषयका आधिकारिक अध्ययन सामग्रीहरूको उपयोग गरिएको छ । उल्लिखित दुवै स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको सङ्कलन र विश्लेषण गरी प्रस्तुत लेखलाई गुणात्मक ढाँचामा तयार पारिएको छ ।

## सैद्धान्तिक पर्याधार

दोस्रो विश्वयुद्धको अन्त्य (सन् १९४५)सँगै नयाँ मूल्यमान्यताका साथ पाश्चात्य मुलुकहरूमा एउटा आन्दोलन अघि बढ्छ; जुन आन्दोलनलाई उत्तरआधुनिकतावादको नामले चिनिन्छ । उत्तरआधुनिकतावादको विकास हुँदै जाने क्रममा यसभित्र साहित्य समालोचनाका विभिन्न सिद्धान्तहरू देखा पर्छन् । त्यसैले उत्तरआधुनिकता एक छाता सिद्धान्त हो । ''उत्तरआधुनिकतावादको ठुलो छाताभित्र अनेकन सिद्धान्त र दर्शनहरू अटाएका छन् । तीमध्ये 'नारीवाद' सर्वाधिक चर्चित

सिद्धान्तका रूपमा देखिन्छ'' (गौतम, २०६६/२०८०, पृ. ४९३)। यहाँ प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार पाश्चात्य साहित्य सिद्धान्त अन्तर्गतको नारीवादलाई बनाइएको छ । ''नारीवाद शब्द अङ्ग्रेजीको 'फेमिनिज्म' शब्दको नेपाली रूपान्तर हो । 'फेमिनिन' विशेषण शब्दमा 'इज्म' शब्द जोडिएर 'फेमिनिज्म' शब्द बनेको हो । 'फेमिनिज्म'को अर्थ नारीसुलभ तथा नारीसम्बद्ध विषय हो भने 'इज्म'को अर्थ सिद्धान्त वा मान्यता हो'' (अधिकारी, २०७४, पृ. २५)।

नारीवाद शब्दको सर्वप्रथम प्रयोग फ्रान्सबाट भएको र यस शब्दको सचेत प्रयोग भने अमेरिकाबाट भएको हो। नारीवाद नारीहरूका हकहित र अधिकारको सुनिश्चितताका लागि आवाज उठाउने एउटा साहित्यिक तथा बौद्धिक अभियानका रूपमा देखा परेको हो। ''मूलतः नारीवाद भनेको नारीअस्मिता र नारी स्वतन्त्रताप्रति प्रतिबद्ध मान्यता, सिद्धान्त वा आन्दोलन हो'' (अधिकारी, २०७४, पृ. २५)। अर्को शब्दमा भन्नुपर्दा ''नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बनाउन र नारीअधिकार एवं अस्तित्व प्राप्ति तथा समान अधिकारका निमित्त उत्प्रेरित गराउने सिद्धान्त नै नारीवाद हो'' (गौतम, २०६६/२०८०, पृ. ४९३)। यो नारी चेतनाको सशक्त स्वर हो। "नारीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो, जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ" (अधिकारी, २०६८, पृ. ३३) । शर्मा र लुइटेललाई उद्धृत गर्दै गौतम (२०६६/२०८०) ले भनेका छन्– ''समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गर्दै यसले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्दछ'' (पृ. ४९३) । यस भनाइबाट नारीवाद पुरुषसरह नारीले पनि अधिकार पाउनुपर्छ भन्ने सिद्धान्तका रूपमा रहेको देखिन्छ । हाम्रा सामाजिक, राजनैतिक सन्दर्भहरूमा पुरुष नै मूल धारमा रहेका देखिन्छन् र व्यवहारमा लैङ्गिक समानताका कुराले सार्थकता पाएको देखिँदैनः

> नारीवाद पौरुष पक्षपातका विरुद्धको चुनौती हो। हरेक सामाजिक, राजनैतिक सन्दर्भमा पुरुष पहिलो हैसियतमा बसेको छ र महिला किनारामा पुर्याइएकी छ अर्थात् महिला हरेक सन्दर्भमा सीमान्तीकृत छ। हरेक सन्दर्भको मूल धारमा पुरुष ढसमस्स बसेको छ। अर्थात् 'मूल धार' (mainstream) भनेकै पुरुष धार (malestream) भएको देखिन्छ। हरेक सदर्भका मूल धारमाथिको पुरुषको एकलौटी आधिपत्यका विरुद्ध महिलाहरू क्रियाशील हुँदा नारीवादको जन्म भएको देखिन्छ। यसरी नारीवाद भनेको मूल धारको शब्दगत र कर्मगत आलोचना हो भन्ने बुझिन्छ (त्रिपाठी, २०६८, पृ. ६५–६६)।

नारीवाद नारीलाई सामाजिक, सांस्कृतिक तथा राजनैतिक रूपमा स्वतन्त्र र आत्मनिर्भर बनाउनुपर्छ भन्ने समतामूलक विचारसहितको एक साहित्यिक आन्दोलन हो। यसले पुरुष एकाधिकारलाई भञ्जन गर्दै पितृसत्ताप्रति असहमति प्रकट गर्दछ। नारीवादी स्रष्टाहरू आफ्नो अस्मिताका लागि नारी स्वयंले सङ्घर्ष गर्नुपर्छ भन्ने मान्यता राख्छन्। "विश्वविख्यात लेखिका सिमोन

द बुआले द स्केन्ड सेक्स सन् १९४९ प्रकाशित गरेपछि समकालीन नारीवादी आन्दोलनमा निकै गति प्राप्त भएको ठानिन्छ" (एटम, पृ. १५५)। नेपाली समाज वर्तमान समयमा पनि विभिन्न कुसंस्कारको जालोभित्र जकडिएको छ। नारीलाई कमजोर तथा भोग्याको रूपमा हेर्ने पुरातन विचारप्रति विद्रोहस्वरूप पारिजात, वानीरा गिरी, प्रेमा शाह, उषा शेरचन, गोपाल प्रसाद रिमाल आदि कयौँ नारी र पुरुष स्रष्टाहरूले साहित्य लेखे। पछिल्लो समयका नेपाली कवितामा उल्लिखित नारीवादी चेतनाको अभिव्यक्ति पाइन्छ। समानता, न्याय र नारी अधिकारको प्राप्तिका लागि स्रष्टाहरू कविताका माध्यमबाट प्रकट भएका छन्। पुरुषको विरोध भन्दा पनि उनीहरूले नारी अस्मिता र मुक्तिका स्वर प्रकट गरेका छन्। समकालीन नारीवादी कविताका सन्दर्भमा लक्ष्मणप्रसाद गौतमले भनेका छन् –

> नारीवादी चिन्तन र चेतना भएका समकालीन नेपाली कवितामा पुरुषविद्वेषी स्वरभन्दा पनि नारी अस्तित्व र नारीपीडाबोधका स्वरहरू बढी मुखरित भएको पाइन्छ। नारीवादी दृष्टिकोण भएका यस्ता कविताको मूलभूत उद्देश्य लैङ्गिक समानताका पक्षमा आवाज उठाउनु नै हो र यसले समान अधिकारको अपेक्षा पनि गरेको देखिन्छ (गौतम, २०६६/२०८०, पृ. ४९३)।

समयको विकासक्रमसँगै नारीवाद पनि विभिन्न धारामा विकसित एवं विभाजित भएको पाइन्छ। "एउटा प्रकारको नारीवादी चिन्तनले सबै किसिमका नारीसमस्या, जटिलता तथा अवस्थालाई समेट्न नसक्ने भएकाले नै विविध किसिमका नारीवादी चिन्तन र दृष्टिकोणको विकास भएको हो" (अधिकारी, २०७४, पृ. ३५)। यसका मूल धाराहरूमा उदार नारीवाद, आधुनिक समाजवादी नारीवाद, आमूल वा उग्र नारीवाद र उत्तरआधुनिकतावादी नारीवाद गरी चार वटा धार देखा परेका छन्। पितृसत्ताको उग्र विरोध नगरी समन्वय, समानता, सहअस्तित्व र सहभाव राखेर पुरुषसरह नारीले पनि अधिकार पाउनुपर्छ भन्ने मान्यता उदार नारीवाद हो। पुरुष सत्तामा नारीहरू दोस्रो दर्जामा हुनु हुँदैन भन्दै पुरुषलाई प्रभुत्वशाली र नारीलाई अधीनस्थ ठान्ने मान्यताको विरोध गर्नु आधुनिक समाजवादी (मार्क्सवादी) नारीवाद हो। पुरुष सत्ताको सम्पूर्ण रूपमा अस्वीकार गर्दै पुरुष चाहिँदैन भन्ने मान्यता आमूल वा उग्र नारीवाद हो र नारीहरू कुनै पनि आधारमा विभाजित र सीमित हुनु हुँदैन, समयको परिवर्तनलाई स्वीकार गर्नुपर्छ भन्दै नारीभित्रका उच्चवर्ग र निम्नवर्ग (द्विचर)को अस्वीकार गर्ने तथा बहुलताको अङ्गीकार गर्ने मान्यता नै उत्तरआधुनिकतावादी नारीवाद हो।

नारीवादी मान्यताका कोणबाट समालोचना परम्पराको थालनी उदार नारीवादी चिन्तनबाट भएको हो। "नारीवाद बौद्धिक विलासका लागि नभएर महिलाका जीवनको आवश्यकताले जन्मिएको हो" (त्रिपाठी,पृ. ३०) । यसले नारीको व्यक्तिगत अधिकार र अवसरको खोजी गर्नुका साथै पुरुषबाट महिलामाथि हुने गरेका सामाजिक विभेदको विरोध गर्छ। "यो पितृसत्ताका विरुद्ध प्रारम्भ भएको हो र त्यसैको उच्छेदका निम्ति समर्पित पनि छ" (त्रिपाठी, भृकुटी, पृ. ४६०)। नारीचेतना र विद्रोहको

विषयले नेपाली साहित्यमा स्थान लिएसँगै यसको समीक्षा वा समालोचना पनि हुन थालेको छ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनको प्रमुख उद्देश्य पाश्चात्य नारीवादसम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा कुन्ता शर्माको कविता 'पोथी बास्नु हुँदैन'लाई अध्ययन–विश्लेषण गर्नु र निर्दिष्ट कवितामा नारीवादसम्बन्धी केकस्तो चिन्तन प्रस्तुत छ भनी खोजी गर्नु हो। नारीवादको सैद्धान्तिक मान्यताका आधारमा यही मूलभूत प्रश्न वा समस्याको समाधानको खोजी गरी यो अध्ययनपत्र तयार पारिएको छ।

**नतिजा र छलफल**

कुन्ता शर्माद्वारा लिखित 'पोथी बास्नु हुँदैन (२०४२)' कविता उनको प्रतिनिधि कविता हो। यस कवितामा कुखुराको पोथीलाई बिम्बका रूपमा खडा गरी नारी चेतनाको प्रतीकात्मक अभिव्यक्ति प्रस्तुत गरिएको छ। प्रस्तुत कवितामा पितृसत्तात्मक नेपाली समाजमा नारीप्रतिको दृष्टिकोण र व्यवहार पक्षपातपूर्ण रहेको ठहर गरिएको छ। हाम्रा सामाजिक परिवेशमा प्रचलित 'पोथी बास्नु हुँदैन' भन्ने लोकोक्तिलाई नै कविताको शीर्षक बनाइएको छ र शीर्षक वाक्यात्मक ढाँचाको छ। कविताभित्र कविताको शीर्षक वाक्यलाई सार्थक पुनरावृत्ति गरी महिलाप्रतिको पुरुष दृष्टिकोण र परम्परित मानसिकताप्रति तीव्र रोष प्रकट गरिएको छ। घरपरिवार र समाजको पक्षपातपूर्ण पितृसत्तात्मक धारणा र व्यवहारप्रति शिष्ट रूपमा गहकिलो व्यङ्ग्य गरिएको छ।

नेपाली समाजमा नारीहरूलाई दोस्रो दर्जाका मानिसको रूपमा हेर्ने प्रचलन अद्यापि कायमै छ। आम नारीहरू स्वयं आफ्नो हकअधिकार प्राप्तिका लागि अग्रसर हुन सकेका छैनन्। नारीहरूभित्रै पनि विभिन्न वर्ग र वर्गीय, जातीय मनोविज्ञान छ। यस्तो असमानतापूर्ण सामाजिक परिपाटि तथा प्रचलनको दबाब र प्रभावले नारीहरू केवल आफ्नो घरपरिवार र चुलोचौकोमै सीमित हुन रहेका छन्। यस्तो असमानता र विभेदबाट मुक्त हुनुपर्ने नारीहरूमा पुरुषसरहका हकअधिकार खोज्ने हिम्मत जुटिसकेको छैन। आफ्नो अधिकारका लागि उनीहरूले आवाज उठाउन सकेका छैनन्। उनीहरू स्वयं मौन रहँदा पितृसत्तात्मक पुरुष प्रवृत्ति हावी हुने गरेको छ। नारीपुरुष समानताका कुराहरू नारामा मात्रै सीमित छन्। यस प्रकारका असमान एवं विभेदजन्य सामाजिक परिपाटिको अन्त्य हुनु आवश्यक छ। नारीप्रतिका हाम्रा सामाजिक दृष्टिकोण एवं मान्यताहरूमा परिवर्तन आवश्यक छ। यस्तो परिवर्तन नारीसचेतता, नारीजागरण र नारीविद्रोहबाट नै सम्भव हुने हुँदा यसका लागि भेदभावपूर्ण रुढि परम्पराहरूलाई भत्काउनु पर्छ भन्ने विचार कवितामा पाइन्छ। नेपाली समाजमा घरभित्र र घरबाहिर सबैतिर पुरुष मात्रै अग्रसर हुने गरेको देखिन्छ। हाम्रो समाजले घरपरिवार र घरबाहिरका प्रमुख विषयमा बोल्ने काम पुरुषको हो, नारीको होइन भन्ने मान्यता राख्ने गरेको छ। "महिलाहरू दोस्रो तहका मानिन्छन् र तिनीहरूलाई बोल्न दिइँदैन किनभने तिनीहरू पुरुषको रुचिमा निर्मित र तिनकै अधीनस्थ संसारमा बाँचि रहेका छन्" (त्रिपाठी, पृ. ३०)। सार्वजनिक ठाउँहरूमा शिर ठाडो पारी निसङ्कोच आफ्नो विचार राख्ने, अधिकार

खोज्ने र माग्ने काम पुरुषले मात्र गर्न सक्छन् भन्ने परम्परागत सामाजिक मान्यतालाई कवितामा यसरी व्यङ्ग्य गरिएको छ–

सधैँ सधैँ
घरका धुरीहरूमा
बारका घोँचाहरूमा
आँगनहरूमा, बार्दलीहरूमा
घाँटी तन्काउँदै, सिउर हल्लाउँदै
बास्ने काम त भालेको हो
आवाज उकास्ने काम भालेको हो। (प्रज्ञा आधुनिक नेपाली कविता, पृ. १६१)

उल्लिखित कवितांशमा भाले भनेर पुरुष जातिलाई सङ्केत गरिएको छ। घरका धुरी, आँगन र बार्दलीहरू भन्नाले सार्वजनिक ठाउँहरूलाई बुझिन्छ। यस्ता खुला स्थानहरूमा निर्धक्कसँग बोल्ने काम पुरुषको हो भन्दै यहाँ पितृसत्तात्मक पुरुषप्रधान नेपाली समाजको परम्परागत मान्यता र दृष्टिकोणको अभिव्यक्ति प्रस्तुत गरिएको छ। घाँटी तन्काउनु र सिउर हल्लाउनु भन्ने कुराले सानपूर्वक शिर ठाडो गर्ने अधिकार पुरुषको मात्रै भएको भाव प्रकट गरेको छ। त्यस्तै बास्ने र आवाज उकास्ने काम भालेको हो भन्नुले अभिव्यक्तिको पूर्ण स्वतन्त्रता पुरुषलाई मात्र भएको र पुरुषले मात्र ठुलो स्वरमा बोल्न हुने वा मिल्ने भन्ने सामाजिक प्रचलन रहेको विषयलाई उठान गरेको छ। पुरुषको भूमिकालाई यति महत्त्व दिने हाम्रो समाजले नारीलाई भने दोस्रो दर्जाका मानिसका रूपमा चित्रण गरेको छ।

नारीप्रति हाम्रो समाज निकै सङ्कुचित छ। समाजमा नारी र पुरुषबिच असमानताका साँधसिमाना खडा गरिएका छन्। पुरुष हैकमलाई निरन्तरता दिने विचारले जरा गाडेर बसेको छ। नारीहरूले पुरुषजस्तो खुलेर जिउने स्वतन्त्रताको वातावरण छैन। "महिलाहरू पत्नी र आमा हुन्थे किनभने पुरुषहरू त्यही चाहन्थे; महिलाहरू काम गर्थे तर पुरुषहरू तिनको क्षमतालाई विकसित हुन दिँदैनथे" (त्रिपाठी, पृ. ३०)। नारीले पुरुषको अधीनस्थ भएर बाँच्नु पर्ने पुरुष दृष्टिकोणलाई कवितामा यसरी व्यङ्ग्य गरिएको छ–

पोथीले मात्र कुरकुराउनुपर्छ
आक्रोसका घुड्काहरू चुपचाप निल्नुपर्छ
अन्डा पार्नुपर्छ
ओथारो बस्नुपर्छ
चल्ला काढ्नु अनि तन्मयतापूर्वक बच्चा हुर्काउनुपर्छ

उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन । (पृ. २६१)

उल्लिखित कवितांशमा नारीलाई पुरुषसरह समान अधिकारका निमित्त उत्प्रेरित गराउने प्रतीकात्मक भाव पाइन्छ । यहाँ नारीलाई पोथीको उपमा दिइएको छ । भाले र पोथी क्रमशः पुरुष र महिलालाई बुझाउने प्रतीकात्मक शब्द हुन् । पोथीले कुर्कुराउनु मात्र पर्छ भनेको नारीले विस्तारै अनि कम मात्र बोल्नु पर्छ भन्ने आशय हो । यहाँ नारीले मात्र किन त्यसरी बोल्नु पर्छ भन्ने कुरामाथि प्रश्न समेत गर्नु हुँदैन । नारीले त आफ्नो मनमा उत्पन्न हुने आक्रोसका घुड्काहरू चुपचाप सहनु पर्छ; विना कुनै प्रश्न पुरुषका आदेश र निर्देशनहरूको खुरुखुरु पालना गर्नु पर्छ । नारीले घरधन्दामै व्यस्त रहनु पर्छ र बच्चा जन्माएर तन्मयतापूर्वक तिनलाई हुर्काउनु पर्छ । बच्चाहरूलाई स्याहारसुसार तथा पालनपोषण गर्ने र हुर्काउने मुख्य काम पनि नारीकै हो । नारीले पुरुषसरह आफूलाई तुलना गर्नु हुँदैन । नारीले त उठ्दा, बस्दा, हिँड्दा र हाँस्दा समेत विचार पुर्याउनु पर्छ । उसले सम्पूर्ण रूपमा खुलेर उन्मुक्त हाँसो हाँस्नु हुँदैन । कुनै खुसीका क्षणमा पनि नारीले सङ्कुचित हुनु पर्छ । नारीहरू बढी जान्ने हुनु हुँदैन किनकि हाम्रो पुरुषवादी समाजले 'पोथी बास्नु हुँदैन' भन्ने मान्यता राख्छ । प्रस्तुत कवितामा यस्ता विभेदकारी मान्यताहरूका विरुद्ध पुरुष दृष्टिकोण र प्रवृत्तिमाथि व्यङ्ग्य गर्दै नारीमुक्ति, नारीअधिकार एवं अस्तित्व प्राप्तिका लागि उनीहरूमा जागरण तथा सचेतताको आवश्यकतातर्फ सङ्केत गरिएको छ ।

विवेच्य कवितामा नारीले जीवनको नयाँ मार्ग खोज्न नहुने भनी व्यङ्ग्य गरिएको छ । सङ्कीर्णता र पुरातनको पाटो नै नारीले हिँड्नु पर्ने बाटो हो । त्यो बाटो साँघुरो वा फराकिलो, सफा वा घिनलाग्दो जेजस्तो भए पनि नारीले त्यसमा परिवर्तन नखोजी चुपचाप हिँड्नुपर्छ । निर्मित, स्थापित सामाजिक मूल्यमान्यतामा हेरफेर गर्ने कुरो सोच्नु पनि हुँदैन, परिवर्तनतर्फ चासो राखेर पुरातन मान्यताहरूलाई भत्काउन खोज्नु हुँदैन भन्दै कवितामा नारीप्रतिको पुरुष आग्रह यसरी व्यक्त भएको छ–

पाटो बाटो हो
त्यो साँघुरो होस् या फराकिलो
त्यो सफा होस् या घिनलाग्दो
चुपचाप–चुपचाप हिँड्नुपर्छ
नयाँनयाँ कुरा सोच्नु हुँदैन
पुरातनलाई घोच्नु हुँदैन
परिवर्तनमा चासो राख्नु हुँदैन
पोथी बास्नु हुँदैन । (पृ. २६१)

प्रस्तुत कवितामा नारीले आफ्नो आँसु र मुस्कानलाई हतियार बनाएर स्थिति अनुसार प्रयोग गर्नुपर्छ र परिस्थिति अनुसार उपयोग गर्नुपर्छ भन्ने कुराबाट नारीहरूका मानवीय संवेदनाप्रतिको उपेक्षा भाव झल्किन्छ। नारीहरूले आफ्नो आँसु र हाँसोजस्ता संवेदनालाई पनि पुरुषवर्गको अपेक्षाअनुसार बेच्नु पर्छ भन्ने मूल्यहीनता र असमानतायुक्त दृष्टिको भाव कविताका निम्नलिखित उद्धृतांशमा यसरी प्रस्तुत भएको छ–

आँसु हतियार हो
मुस्कान हतियार हो
ठाउँअनुसार समयअनुसार प्रयोग गर्नुपर्छ
स्थिति अनुसार परिस्थिति अनुसार उपयोग गर्नुपर्छ
स्वतन्त्र विचार राख्नु हुँदैन
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन। (पृ. २६२)

नारीले दुःखपीडामा रुँदा पनि त्यसलाई पुरुषले नौटङ्कीको रूपमा बुझ्ने र नारीले कुनै खुसीमा हाँस्दा पनि त्यसलाई पुरुषले नकारात्मक अर्थमा व्याख्या गर्ने कुरालाई उल्लिखित कवितांशले सङ्केत गरेको छ। नारीले देश, काल र परिस्थितिको ख्याल गरेर आफ्नो हाँसो र आँसुलाई नाफाका लागि अस्वाभाविक रूपमा प्रयोग तथा उपयोग गर्न सक्नुपर्छ भन्नुले हाम्रो सामाजिक कुप्रचलनलाई जनाउँछ।

सिर्जना र शक्तिकी मुहान नारीलाई हाम्रो पुरुषप्रधान नेपाली समाजले अबलाको संज्ञा दिएको पाइन्छ। नारीले के गर्ने, के नगर्ने भन्ने कुराको निर्णय गर्ने अधिकार नारीलाई नै हुनु पर्नेमा त्यस्तो परिपाटि छैन। नारीका यस्ता निजी विषयमा फैसला वा निर्णय गरिदिने काम पुरुषबाटै हुने गरेको छ। नारीलाई दास बनाएर उसका अति सामान्य विषयमा समेत आफ्नो हैकम राख्न खोज्ने पुरुष प्रवृत्ति कवितामा यसरी अभिव्यक्त भएको छ–

तौलीतौली बोल्नु पर्छ
शब्दमा आदरभाव घोल्नु पर्छ
पाउमा निहुरिनु पर्छ
दासताको फूल सिउरिनु पर्छ (पृ. २६२)

उल्लिखित कवितांशको प्रतीकात्मक अर्थभित्र पुरुष सत्तामा नारीहरू दोस्रो दर्जामा हुनु हुँदैन भन्ने समाजवादी नारीवादी भाव पाइन्छ। यहाँ पुरुषसरह नारीलाई पूर्ण वाक् स्वतन्त्रता छैन। यहाँ तौलीतौली बोल्नुपर्छ भन्नुले मनमा लागेका कुराहरू

निष्फिक्रीका साथ पोख्न नहुने र विशेष विचार पुर्याएर मात्र बोल्नुपर्छ भन्ने मान्यतालाई देखाइएको छ । शब्दमा आदरभाव घोल्नुपर्छ भनेर नारीले बोल्ने भाषा आदरपूर्ण हुनुपर्छ भन्ने पुरुष आग्रहलाई कटाक्ष गरिएको छ । पाउमा निहुरिनु पर्छ र दासताको फूल सिउरिनुपर्छ भनेर नारीहरूलाई पुरुषका पाउपूजक तथा दासीको रूपमा हेर्ने प्रवृत्तिलाई उजागर गर्न खोजेको देखिन्छ । नारीहरूको यस किसिमको नियति र स्थितिलाई प्रस्तुत गरेर व्यञ्जनार्थमा पुरुषको दासताबाट निहुरिन बाध्य नारीले पुरुषद्वारा निर्धारित सीमालाई भत्काउनु पर्छ भन्ने आशय उक्त उद्धृतांशमा प्रकट गरिएको छ ।

समाजमा पुरुषद्वारा निर्मित र स्थापित मान्यताहरूका विरुद्ध हुने गरी नारीले बोल्न हुँदैन; नारीले यसरी बोल्नु भनेको आफ्नो मर्यादा बिर्सनु हो भनिन्छ । नारीले मर्यादाको ख्याल गर्नु पर्ने आग्रहसहित हाम्रो समाजमा पाइने पुरुष दृष्टिकोणलाई तलको कवितांशमा यसप्रकार अभिव्यक्त गरिएको छ–

लक्ष्मण रेखा नाघ्नु हुँदैन
अधिकार माग्नु हुँदैन
पोथी बास्नु हुँदैन । (पृ. २६२)

यहाँ आएको लक्ष्मण रेखाको प्रसङ्ग पौराणिक ग्रन्थ रामायणमा वर्णित नारी पात्र सीताले परपुरुष रावणबाट अपहरित हुनुपरेको घटनासँग जोडेर गरिएको छ । माथिको कवितांशमा नारीले मर्यादा/सीमाको ख्याल गर्नुपर्छ, पुरुषसरहको अधिकार माग्न हुँदैन भन्दै नारीमाथि त्रेतायुगदेखि पुरुषबाट विभेद हुँदै आएको र हालसम्म पनि उक्त प्रचलन कायमै रहेको भाव व्यक्त गरिएको छ । प्रतीकात्मक अर्थमा यहाँ नारीले पुरुषद्वारा खोसिएको अधिकार माग्नु पर्ने नारीवादी मान्यताको आशय प्रकट गरिएको छ । यसबाट उद्धृत कवितांशले नारीवादी चेतनाको दृष्टिकोण र लैङ्गिक समानताको भाव अभिव्यक्त गरेको देखिन्छ । नारीले आफूखुसी हाँस्न र बोल्न पाउनु पर्छ भन्ने कुरो उल्लिखित कवितांशको आशय हो ।

सत्य तितो अर्थात् अप्रिय हुन्छ । नारीले अप्रिय सत्य बोल्नु हुँदैन भन्ने पुरुष दृष्टिकोण र मूल्य हो । पुरुषका कर्तुतहरूका विरुद्ध नारीले चुँइक्क बोल्नु हुँदैन । त्यसो गर्दा नारीले लक्ष्मण रेखा नाघेको आरोप लाग्छ । नारीले देखेभोगेको सत्यलाई नबोली चुपचाप सहेर बस्नु पर्छ । पुरुषले गर्ने अन्याय, अत्याचार, दमन, शोषण र हिंसाको विषयमा नारीले विरोध गर्नु हुँदैन । यस्ता कृत्यको विरोध गरेर अन्धकारका पर्दा खोल्ने हिम्मत नारीले गर्नु हुन्न किनकि नारीले पुरुषको भनेको मान्नुपर्छ भन्ने सामाजिक मूल्यमा कवयित्रीले परिवर्तन आवश्यक देखेकी छन् । नारीले कुनै पनि ठाउँमा अग्रसर भएर हाँस्नु, बोल्नु हुन्न भन्ने नारीविरोधी सामाजिक मूल्यलाई यहाँ 'पोथी बास्नु हुँदैन' पदावलीको आकर्षक र सार्थक पुनरावृत्ति गरी नारीवादी चेतनाको चोटिलो व्यङ्ग्यात्मक अभिव्यक्ति गरिएको छ । यहाँ यस्ता विभेदजन्य सामाजिक मूल्यका विरुद्ध बोल्नु पर्ने र अन्धकारका आवरणहरू हटाउनु पर्ने अभिप्राय रहेको देखिन्छ ।

विवेच्य 'पोथी बास्नु हुँदैन' कवितामा विद्रोहको भावलाई साङ्केतिक रूपमा अभिव्यक्त गरिएको छ । नारीवादी चेतनाको अभिव्यञ्जनाका क्रममा यहाँ नारीहरूले आफूमाथिको अन्याय र विभेदलाई चुपचाप नसही प्रतिकार र प्रतिरोध गर्दै नयाँ परिवेशमा नयाँ विचार लिएर अघि बढ्नु पर्ने भावलाई प्रतीकात्मक र साङ्केतिक रूपमा यसरी व्यक्त गरिएको छ–

टेक गर्नु हुँदैन
थुनछेक गर्नु हुँदैन
मालिक–मालिक रट्नु पर्छ
यन्त्रजस्तो भएर खट्नुपर्छ
नयाँ परिवेशमा टेक्नु हुँदैन
परिवर्तनको पाठ घोक्नु हुँदैन
पोथी बास्नु हुँदैन । (पृ. २६२)

कवितामा जेजे गर्नु हुँदैन भनिएको छ त्यही कामकुरो किन गर्नु हुँदैन भनेर सोच्नु पर्ने र न्याय आफैँले खोज्नु पर्ने आशय व्यञ्जित भएको छ । नारीहरूले आफ्नो अधिकारका निम्ति दृढ हुनु पर्ने र अन्यायको मार्गलाई थुन्ने, छेक्ने साहस गर्न प्रेरित गरिएको छ । दासताको बन्धनबाट मुक्तिका लागि पुरुषलाई मालिक मान्ने दास मनोवृत्ति त्याग्नु पर्ने र यन्त्रवत काममा मात्र खटेर मुक्ति प्राप्त नहुने विचार प्रकट गरिएको छ । हामीले नगरे कसले गर्ने र अहिले नगरे कहिले गर्ने भन्ने परिवर्तनकारी विचार लिएर आजका नारीहरूले दृढतापूर्वक अघि बढ्नु पर्ने भाव यहाँ छ । यसो गर्न नसकेमा नारी अधिकार, न्याय र समानता प्राप्त गर्न सकिँदैन भन्ने नारीवादी चेतनाको व्यञ्जनात्मक अभिव्यक्ति उल्लिखित उद्धृतांशमा छ ।

नारीले सत्यको खोजी गर्नु हुँदैन । देखेको सत्य बोल्नु हुँदैन किनकि त्यसो गर्दा पुरातनमाथि आँच आउँछ । नारीले आफूमाथिका आवरण तथा अन्यायका पर्खाल हटाउने चेष्टा गर्नु हुँदैन र नारी जीवनको अँध्याराका पर्दाहरू खोल्नु हुँदैन भन्दै पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्यप्रति कवितामा विरोध जनाइएको छ ।

नारीले आफ्नो अधिकार खोजेर बोल्नु त्यति सहज छैन किनकि नारीले यसरी बोल्दा अनिष्ट हुन्छ, नीतिनियमका विपरीत हुन्छ भन्ने मूल्य समाजमा पुरुषहरूले स्थापित गरेका छन् र तिनले अवरोध गर्न सक्छन् । महिलालाई कज्याएर खान पल्केका पुरुषहरूलाई आँच पुग्न सक्छ । नारीहरूले अधिकार खोजेर स्वतन्त्र हुन चाहेको विषय पुरुषप्रधान समाजलाई पाच्य नहुने र उल्टै नारीमाथि अनेक अवरोध खडा हुन सक्ने खतराको आशयलाई कवितामा यसरी व्यक्त गरिएको छ–

एकदमै अनिष्ट हुन्छ
नीतिनियम रुष्ट हुन्छ

ठूलो अवरोध सहन गर्नुपर्छ
बाधाविरोध वहन गर्नुपर्छ
सपना तुहिन सक्छ
जीवन चुँडिन सक्छ
ओथारोको अन्डा त्यसै कुहिन सक्छ
चल्लाको कलिलो जीवन नफुल्दै झर्न सक्छ
प्रहार हुन सक्छ, संहार हुन सक्छ
त्यसैले चेतनाको डाँक बोल्नु हुँदैन
अन्धकारको पर्दा खोल्नु हुँदैन
पोथी बास्नु हुँदैन। (पृ. २६२–२६३)

पुरुषप्रधान समाजले खडा गरेका नारीविरोधी मूल्यहरू भत्काउन खोज्ने नारीलाई पुरुषले अस्वीकार मात्र गर्दैनन्; उनीहरूले नारीलाई नानाथरीका अनेक लाञ्छना लाउन तम्सिन्छन्। नारीले बोल्दा अनिष्ट हुन्छ भनेर पुरुषले नारीका मुख बन्द गर्न चाहन्छ र नीतिनियम रुष्ट हुने अफवाह फैलाएर नारीमाथि शासन गरिरहन चाहन्छ। उसको यो प्रवृत्तिका विरुद्ध हिँड्न खोज्ने नारीले ठूलो अवरोधको सामना गर्नु पर्छ। पुरुषले त्यसरी अवरोध गर्दा नारीले रुनु पर्ने अवस्था आउन सक्छ भन्दै यसका लागि नारीले मनमुटु बलियो पार्न सक्नु पर्छ भन्ने आशय कवितामा प्रकट गरिएको छ। पुरुषहरूको सत्ताबाट माथि उठेर आफ्नो अस्तित्व खोज्ने नारीहरूका सपना पुरुषको अवरोधबाट तुहिन सक्ने कुरातर्फ सङ्केत गरिएको छ। पुरुषले नारीको जीवन नै समाप्त गर्न सक्ने खतरा रहेको विचार प्रस्तुत गरिएको छ। नारीलाई बच्चा जन्माउने मेसिन ठान्ने पुरुषहरूलाई मन नपरेमा भ्रुणहत्या गर्न सक्छन् र जन्म दिएका शिशुको समेत कलिलैमा संहार गर्न सक्छन्। त्यसैले नारीमुक्तिको लागि यस कठिन मार्गतर्फ अग्रसर हुन सहज छैन भन्ने प्रतीकात्मक भाव यहाँ पाइन्छ।

नारी मुक्तिका लागि सङ्घर्ष गर्न ठुलै आँट चाहिन्छ। समाजमा सदियौँदेखि जरा गाडेर बसेको विभेदरूपी अन्धकारका पर्दा च्यातेर उज्यालो ल्याउनु सजिलो हुँदैन। सामाजिक बाधाबन्धनले अवरुद्ध रहेको चेतना तत्त्व प्रवाहित हुन खोज्दा त्यसलाई पुरुषले रोक्न सक्छन्। जडताका विरुद्धमा गतिशीलताको पाइला चालेर क्षितिजलाई छुन खोज्दा, चेतनाको उज्यालोले बोल्न प्रेरित गर्दा र आँट गरेर सत्य कुरा बोल्न खोज्दा पुरातनवादी पुरुषहरूले रुष्ट र एकमुष्ठ भएर मारिदिन सक्छन्। त्यसैले अदम्य आँट र दरिलो साथ नलिई यस्तो जोखिम मोल्न अग्रसर हुनु हुँदैन। नारी मुक्तिका लागि बलियो नारी एकता, आँट, साहस र विवेक प्रयोग गर्न सक्नु पर्ने नारीवादी स्वर तलको कवितांशमा यसरी प्रकट भएको छ–

अवरुद्ध चेतना
कहिलेकाहीँ प्रवाहित हुन खोज्दा
जडताका विरुद्ध
गतिशीलताको क्षितिज छुन खोज्दा
उज्यालोले कुत्कुत्याएपछि
सम्पूर्ण–सम्पूर्ण साहस जुटाएर
धैर्यको बाँध फुटाएर
मध्ययुगीन पर्खाल चर्काउँदै
विषाक्त परिवेशहरू थर्काउँदै
आँटिला मुटुहरूले मुख खोल्दा
साँचो कुरा बोल्दा
आतङ्कित बर्बरताहरू एकैचोटि ब्युँझिएर
जीवनका विरुद्ध
मृत्युघण्ट ठोक्न सक्छन् (पृ. २६३)

मानवीय चेतना तत्त्व अत्यन्त प्रबल छ । कतिपय नैतिक, सामाजिक तथा परम्परित मूल्यमान्यताको बन्धनका कारणले क्षणिक रूपमा अवरुद्धजस्तो देखिए पनि चेतना तत्त्व निर्बाध रूपमा सलबलाइरहेको हुन्छ । यसको सहज, स्वाभाविक र प्राकृतिक गति एवम् प्रवाहलाई कसैले रोक्न सक्तैन तथापि परिस्थितिवश कहिलेकाहिँ यो जडवत् बन्न सक्छ । मानवीय चेतना तत्त्व कुनै क्षणमा जडवत् देखिए पनि यो जड भने हुँदैन; बरू गतिशील भएर तीव्रताका साथ प्रवाहित भइराखेको हुन्छ । यसको सहज प्रवाहलाई रोक्न खोज्नु मूर्खतापूर्ण हुन्छ किनकि यसले आफू दबिएको वा थिचिएको महसुस गर्यो भने विष्फोट भएर उम्किन खोज्छ । पितृसत्तात्मक नेपाली समाजमा नारी चेतना र हकअधिकारप्रति हुँदै आएको अवरोधले अहिले निकास खोजिरहेको छ । यस्तो अवस्थामा पितृसत्ताका अवशेषहरू अद्यापि सक्रिय छन् र ती आतङ्कित बर्बरताहरूलाई परास्त गर्नु तथा पर पन्छाउनु ज्यादै जोखिमपूर्ण पनि छ । ‘‘समाजमा महिलाहरूको पुरुष सरहको हैसियत कायम गर्न महिलाले अझै निकै लामो समय सङ्घर्ष गर्नु पर्ने देखिन्छ’’ (त्रिपाठी, पृ. १६४) । आफैँ भस्म भइने जोखिमपूर्ण काममा अघि सर्दा विशेष सतर्कतासहित बुद्धिमानीपूर्वक अघि बढ्नु पर्ने परिवर्तनकारी चेतनाको भावलाई कवितामा यसरी प्रस्तुत गरिएको छ–

त्यसैले ठुलो आँट नलिई

दरिलो साथ नलिई
काँडाघारीमा पस्नु हुँदैन
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन। (पृ. २६३)

माथिको कवितांशमा नारीहरूले आफ्नो हकअधिकार र मुक्तिको मार्गमा अघि बढ्न सहज नहुने भाव प्रकट गरिएको छ। कुनै पनि काम बुद्धि पुर्याएर गरे मात्र त्यसमा सफलता प्राप्त गर्न सकिन्छ। सत्य, न्याय र अधिकारको मार्गमा अघि बढ्दा विरोधी र विपक्षीहरूबाट निर्मम अवरोध र पीडा झेल्नु पर्छ। यी सबै किसिमका अवरोध र विसङ्गतिका विरुद्ध युक्ति र कठोर प्रयत्नबाट मात्र सफलतातर्फ अघि बढ्न सकिन्छ। खतराहरू, प्रहारहरू एवं अवरोधहरू पन्छाएर नारी मुक्तिको कठिन यात्रामा सम्पूर्ण नारीहरू एकताबद्ध भएर लाग्नु पर्छ भन्ने प्रगतिशील नारीवादी चेतना प्रस्तुत कवितामा अभिव्यञ्जित भएको पाइन्छ।

## निष्कर्ष

कुन्ता शर्मा (वि.सं. २००३)ले समसामयिक नेपाली कवितामा योगदान गरेको पाइन्छ। उनको पोथी बास्नु हुँदैन (२०४२) कविता गद्य ढाँचामा संरचित छ। यस कवितामा नारीमाथि गरिने विभेदपूर्ण व्यवहार र पक्षपातपूर्ण सामाजिक दृष्टिकोणप्रति व्यङ्ग्य गर्दै नारीवादी स्वर प्रकट गरिएको छ। यस कवितालाई नारीवादी समालोचना सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ। नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बनाउन र नारीअधिकार एवं अस्तित्व प्राप्ति तथा समान अधिकारका निमित्त उत्प्रेरित गराउने सिद्धान्त नै नारीवाद हो। पोथी बास्नु हुँदैन (२०४२) कवितामा नारी चेतनाको प्रतीकात्मक अभिव्यक्ति गरिएको छ। पितृसत्तात्मक नेपाली समाजमा नारीप्रतिको दृष्टिकोण र व्यवहार पक्षपातपूर्ण छ। कवितामा विभेदकारी पुरुष दृष्टिकोण र प्रवृत्तिमाथि व्यङ्ग्य र नारीहरूमा जागरण तथा सचेतताको आवश्यकतातर्फ सङ्केत गरिएको छ।

नारीहरूले पुरुषलाई मालिक मान्ने दास मनोवृत्ति त्याग्नु पर्ने र यन्त्रवत काममा मात्र खटेर मुक्ति प्राप्त नहुने, नारी मुक्तिका लागि सङ्घर्ष गर्न ठुलो आँट, बलियो एकता, साहस र विवेक प्रयोग गर्न सक्नु पर्ने नारीवादी स्वर कवितामा प्रकट गरिएको छ। सामाजिक यथार्थमा अधारित प्रस्तुत कविता नेपाली समाजमा विद्यमान लैङ्गिक विभेदको अन्त्यका लागि, हैकमवादी पितृसत्तात्मक सोच र प्रवृत्तिमा रूपान्तरणका लागि, समानता एवम् समतामूलक समाजको स्थापनाका लागि, समाज सुधारको सन्देश प्रवाहका लागि, कविता साहित्यका माध्यमद्वारा शालीनतापूर्वक नारी जागरण र नारी मुक्तिको अभियानलाई अघि बढाउनका लागि निकै प्रेरक, सन्देशमूलक र उपयोगी हुने देखिन्छ।

**सन्दर्भ सामग्रीहरू**

अधिकारी, ज्ञानु (२०६८), नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण, पैरवी प्रकाशन, काठमाडौँ।

अधिकारी, ज्ञानु (२०७४), साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना, साझा प्रकाशन, ललितपुर।

एटम, नेत्र (२०६१), समालोचनाको स्वरूप, साझा प्रकाशन, ललितपुर।

गौतम, लक्ष्मणप्रसाद (२०६६/२०७०), नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना (द्वि.सं.), ओरिएन्टल पब्लिकेसन, काठमाडौँ।

गौतम, लक्ष्मणप्रसाद (२०६६/२०८०), समकालीन नेपाली कविताका प्रवृत्ति (द्वि.सं.), पैरवी प्रकाशन, काठमाडौँ।

गौतम, लक्ष्मणप्रसाद (२०८०), आधुनिक नेपाली कविताको इतिहास, जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (सम्पा.), खरेल, माधव प्रसाद, जगदम्बा प्रकाशन, ललितपुर।

त्रिपाठी वासुदेव र अन्य (२०४०/२०५८), नेपाली बृहत् शब्दकोश (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ।

त्रिपाठी, सुधा (२०६७), उत्तरआधुनिकतावाद र नारीवाद, भृकुटी समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक त्रैमासिक, भृकुटी एकेडेमिक पब्लिकेसन्स, काठमाडौँ।

त्रिपाठी, सुधा (२०६८), नारीवादी सौन्दर्य चिन्तन, भृकुटी एकेडेमिक पब्लिकेसन्स, काठमाडौँ, पूर्णाङ्क १०, माघ-फागुन-चैत, २०६७।

त्रिपाठी, सुधा (२०६९/२०७६), पाश्चात्य नारीवाद र त्यसको स्वरूप, रत्न बृहत् नेपाली समालोचना – सैद्धान्तिक खण्ड (द्वि.सं.), रत्न पुस्तक भण्डार, काठमाडौँ।

बन्धु, चूडामणि (२०५२/२०७५), अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार, काठमाडौँ।

शर्मा, कुन्ता (२०७४), पोथी बास्नु हुँदैन, प्रज्ञा आधुनिक नेपाली कविता (सम्पा.), लक्ष्मणप्रसाद गौतम र नेत्र एटम, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ।

शर्मा, मोहनराज (२०७८), समालोचनाका नयाँ कोण, ओरिएन्टल पब्लिकेसन हाउस, काठमाडौँ।

श्रेष्ठ, दयाराम (२०७९), साहित्यको अनुसन्धान व्यवस्थापन (द्वि.सं.), शिखा बुक्स, काठमाडौँ।